म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- ९४ २०७९ फगुन १२ गते शुक्रबार 24 February 2023, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**फागु पर्व सभ्य रुपमा मनाऔं ।**

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं ।
- जबरजस्ती लोला हान्ने पानी छ्याप्ने तथा रंग दल्ने काम नगरौं ।
- सामाजिक तथा साँस्कतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- हानिकारक र रसायनयुक्त रंगको प्रयोग नगरौं ।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं ।
- गैरकाननी र उच्छृंखल व्यवहार नगरौं ।

चाडपर्वलाई मौलिकरुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मन्त्री एका लाल श्रेष्ठको प्राथमिकताहरु सार्वजनिक




*आफ्ना प्राथमिकताहरु सार्वजनिक गर्नुहुँदै मन्त्री श्रेष्ठ ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्री एका लाल श्रेष्ठले मन्त्रालयको प्राथमिकताहरु सार्वजनिक गर्नुभएको छ । मन्त्री नियुक्त हुनुभएको एक महिना पुगेको दिन बिहीबार मन्त्रालयमा पत्रकार सम्मेलन गरेर प्राथमिकता सार्वजनिक गर्नुभएको हो ।

मन्त्री श्रेष्ठले श्रम, रोजगार र यातायात तीनै क्षेत्रमा प्राथमिकताहरू तयार पार्नुभएको छ । ३४ बुँदे प्राथमिकतामा मन्त्री श्रेष्ठले श्रमिक डेस्क स्थापना गर्ने, आप्रवासी सूचना केन्द्र विस्तार गर्ने, १० हजार युवालाई सीपमूलक तालिम सन्चालन गर्ने, २ वटा तालिम केन्द्र स्थापना गर्ने, विज्ञ समूह गठन गरी स्वदेशमै रोजगारी सिर्जना हुने क्षेत्रको पहिचान गर्ने उल्लेख गर्नु भएको छ । मकवानपुर र धादिङमा मात्र कायम रहेका व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरुको संख्या विस्तारका लागि अध्ययन गरिने र प्रदेशमा कम्तीमा २ वटा थप तालिम केन्द्रहरुको स्थापनाका लागि पहल गरिने मन्त्री श्रेष्ठले उल्लेख गर्नुभयो ।

मन्त्री श्रेष्ठले दोलखा वा सिन्धुपाल्चोक र धादिङमा यातायात कार्यालय स्थापना गर्ने, सवारी अभिलेखलाई डिजिटलाइजेसन गर्ने, अनलाईनमार्फत सेवा प्रदान गर्ने, सवारी चालक अनुमतिपत्र प्रदान गर्ने प्रक्रिया सरल र सहज बनाउने, यातायात व्यवस्था कार्यालय र ट्रायल सेन्टर काठमाडौं, हेटौंडा र भरतपुरमा आफ्नै स्वामित्वमा सन्चालन गर्ने योजना प्रस्तुत गर्नुभएको छ ।

मन्त्रालय गठन भएको १४ महिना मात्रै भएको उल्लेख गर्नुहुँदै मन्त्री श्रेष्ठले भन्नुभयो, "यसअघि बजेट नै नभएको मन्त्रालय चालु आर्थिक वर्षमा केही बजेट छ । हामी मन्त्रालयलाई प्रभावकारी बनाएर नागरिकले सहजै सेवा प्राप्त हुने अवस्था निर्माण गर्छौं ।" मन्त्री श्रेष्ठले आफ्ना प्राथमिकता सार्वजनिक गर्न आयोजना गर्नुभएको कार्यक्रममा मन्त्रालयका सचिव सुरेश राउतलाई मन्त्रालयको अभिलेख डिजिटाइज गर्ने कार्यको ठेक्का प्रक्रियामा अनियमितताको प्रयास भएको विषयमा पत्रकारले जिज्ञासा राखेका थिए ।

## हातीको आक्रमणबाट वाईबा घाइते

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, मानेडाँडामा जंगली हात्तीको आक्रमणमा परी एकजना पुरुष घाईते भएका छन् । घाइते हुनेमा हेटौंडा-१८, मानेडाँडाका ३० वर्षीय देव वाईबा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीकाअनुसार बुधबार राति १० बजेर २५ मिनेटको समयमा घर नजिक वनबाट निस्केको जंगली हात्ती धपाउने क्रममा वाईबालाई हात्तीले आक्रमण गरेको प्रहरीले जनाएको छ । घाइते वाईबाको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । वाईबाको शरीरमा बाहिरी चोट नदेखिए पनि दुवै खुट्टा र ढाडमा भित्री चोट लागेको प्रहरीले जानकारी दिएको छ । यसअघि मकवानपुरको मनहरी गाउँपालिकाको मसिनेमा जंगली हात्तीको आक्रमणमा परी महिलाको मृत्यु भएको थियो ।

सोमबार बिहान करेसाबारीमा काम गर्दै गरेकी मनहरी गाउँपालिका-४, मसिनेकी ६४ वर्षीया राधा अधिकारी हात्तीको आक्रमणबाट घाइते भएकी थिइन् । अधिकारीको उपचारको क्रममा चितवन जिल्लास्थित नयाँ मेडिकल कलेजमा मृत्यु भएको हो ।

## हेटौंडा उपमहानगरका ४८ योजना सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०७९/८० को पहिलो चौमासिकमा २ सय ५८ योजना सम्झौता भएकोमा ४८ वटा सम्पन्न भएका छन् । २१० वटा कार्यान्वयनको चरणमा रहेको उपमहानगरले जनाएको छ । गत आर्थिक वर्ष २०७८/७९ मा जिम्मेवारी सरेका मध्य ८४ योजनाका काम सम्पन्न भएको छ ।

उपमहानगरको पूर्वाधार विकास कार्यक्रम अन्तर्गत चालु आर्थिक बर्षको पहिलो चौमासिकमा ३ किलोमिटर कंक्रिट सडक, ४ वटा कल्भर्ट, १ वटा शैक्षिक पूर्वाधार, ३ वटा गुम्बा, १० वटा मन्दिर, १ तटबन्धन, ४ शौचालय, १२ सामुदायिक भवन, १ मदरसा र ४ वटा पार्कहरु निर्माणको काम सम्पन्न भएको बताइएको छ ।

उपमहानगरपालिकाको दुई स्थानको सडकमा बिहीबार स्ल्याव ढलान गर्ने कार्य सुरु भएको छ । चालु आर्थिक बर्ष २०७९/८० मा बजेट पुस्तिकमामा समेटिएको योजना अनुसार हेटौंडा-१ लालझाडिको बाराही, धाप र भट्टेटोल जाने र हेटौंडा-१२ को केनाम टोल जाने सडक बिहीबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामाको उपस्थितिमा निर्माण कार्य सुरु गरिएको हो । हेटौंडा-१ र १२ मा उपमहानगरपालिकाले चालु बजेट शिर्षकबाट बिनियोजन गरेको र कमबाट काम थालिएको हो । सडक निर्माण कार्यको निरीक्षण गर्नुहुँदै नगर प्रमुख लामाले पूर्वाधार निर्माणको कार्यमा गुणस्तरीयतामा ध्यान दिन उपभोक्ता समितिलाई सचेत गराउनुभएको छ ।

उहाँले निर्माण सम्पन्न भएपछि अनुगमनका क्रमममा गुनासो गर्न नगर्ने गरी काम गर्न सुझाव दिनुभयो । "हामी नगरको विकासका लागि काम गरिरहेका छौं, नगरवासीले पनि हामीले बनाएका योजनालाई आत्मसाथ गर्दै नगरको समग्र विकासमा सहयोगी बने मात्र कामले सार्थकता पाउने छ ।" उपमहानगर पालिकाले नगर क्षेत्रका अन्य वडाहरुमा पनि सडक निर्माणको काम चलिरहेको हेटौंडा उपमहानगरपालिका शहरी पूर्वाधार विकास महाशाखा प्रमुख सत्यनारायण साहले बताउनुभयो ।

महाशाखाको पूर्वाधार विकास कार्यक्रम तर्फ योजना तथा कार्यक्रम अनुगमन जाँचपास तथा फरफरक सिफारिस समितिले १३२ योजनाको अनुगमन तथा मुल्याङकन गरेर फरफारकका लागि कार्यालयमा सिफारीस गरेको छ ...बाँकी पृष्ठ ३ मा






## सम्पादकीय

# वन संरक्षणमा विवाद नहोस्

पछिल्लो समय सामुदायिक वन तथा संरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्रसम्बन्धी विवाद बढ्दै गएको छ । सरकारले वन, वन्यजन्तु, वातावरण तथा प्राकृतिक स्रोत संरक्षणका लागि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष तथा संरक्षण क्षेत्र स्थापना गरेको छ । देशभर करिब २ दर्जनका हाराहारीमा यस्ता संरक्षित क्षेत्रहरु रहेका छन् । मकवानपुर जिल्लाका केही भूभाग चितवन राष्ट्रिय निकुञ्ज र पर्सा वन्यजन्तु आरक्षको क्षेत्रभित्र पर्ने भएकाले मनहरी गाउँपालिका र हेटौंडा नगरपालिकाको केही भागलाई यी निकुञ्जको मध्यवर्ती क्षेत्र बनाइएको छ । ती क्षेत्रमा मानव बस्तीसमेत रहेका कारण निकुञ्जका जनावरहरुले दुःख दिने गरेका छन् । पछिल्लो समय मनहरी गाउँपालिकाको हाँडीखोला क्षेत्र तथा हेटौंडाको पदमपोखरी एवम् हर्नामाडी क्षेत्रमा जंगली हात्ती आउने क्रम बढेपछि स्थानीयले मध्यवर्ती क्षेत्रबाट हटाउन माग गर्न थालेका छन् । उता वनजंगल संरक्षणसहित वन पैदावार उपभोग गर्दै आएको सामुदायिक वन उपभोक्ता समूहहरुले पनि सरकारी नीतिको विरोध गरिरहेका छन् ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालले संघ, प्रदेश र स्थानीय सरकारलाई तिर्नुपर्ने करको बिरोध गर्दै आएको छ । महासंघको केही दिनअघि हेटौंडामा सम्पन्न कार्यसमिति बैठकले सामुदायिक वन उपभोक्ता समूहले भोगनुपरेका विविध समस्या समाधानका लागि विभिन्न निर्णय गरेको छ । विभिन्न प्रदेश सरकारले सामुदायिक वनमा लगाउने गरेको वन पैदावार शुल्क हटाउनुपर्ने माग महासंघको छ । महासंघले बुधबार बैठकको निर्णयहरु समेटेर घोषणापत्र सार्वजनिक गर्दै गैरनाफामूलक सामुदायिक वन उपभोक्ता समूहलाई लगाइएको आयकरसमेत हटाउन माग गरिएको छ । सामुदायिक वनका काठलगायत वन पैदावार संकलन, सदुपयोग र परिचालनमा प्रतिबन्ध नलगाउन र ढलापडा रुख संकलन गर्दा उपभोक्ता समूहका पदाधिकारीहरुलाई मुद्दा लगाउने कार्य बन्द गर्न माग गरिएको छ । महासंघले चुरे वातावरण संरक्षण क्षेत्र खारेज गर्नसमेत माग गरेको छ । निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रमा स्थानीय समुदायको अधिकार सुनिश्चित हुनुपर्ने महासंघको माग छ । महासंघले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ खारेज गरी मानव अधिकारको सम्मान र स्थानीय समुदायको पहुँच सुनिश्चित हुनेगरी नयाँ कानुन बनाउन पनि माग गरेको छ ।

राष्ट्रिय वनको संरक्षण र उपभोग गर्न समुदायलाई जिम्मेवार बनाउने उद्देश्यले सामुदायिक वन उपभोक्ता समूहको अवधारणा लागू भएको हो । पञ्चायती शासनकालमा केही जिल्लाका सिमित वनलाई पञ्चायती वनको रुपमा समुदायलाई हस्तान्तरण गरिएको भए पनि बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनापछि सामुदायिक वनको अवधारणा सुरु भएको पाइन्छ । तत्कालीन वन विकास गुरुयोजनाले समुदायलाई वन व्यवस्थापनको जिम्मेवारी दिने नीतिलाई प्राथमिकतामा राखेका कारण वन ऐन २०४९ ले वनको सम्पूर्ण जिम्मा समुदायलाई दिने व्यवस्था गरेको थियो । सोही व्यवस्थाबमोजिम देशभर सामुदायिक वन उपभोक्ता समिति गठन गर्ने क्रमले तिब्रता पायो ।

हाल देशभर २२ हजार ५१६ सामुदायिक वन उपभोक्ता समूह छन् । ती समूहहरुले २२ लाख हेक्टरभन्दा बढी वन क्षेत्रेको व्यवस्थापन र उपभोगको जिम्मेवारी पाएका छन् । वनजंगल संरक्षण, विस्तार तथा विकासमा सामुदायिक वनको भूमिका महत्वपूर्ण देखिएको छ । यसले समुदायको सामाजिक विकास एवम् सदस्यहरुको जीविकोपार्जनमा समेत सहयोग पुऱ्याउँदै आएको छ । संघीय शासन व्यवस्था लागू भएसँगै सामुदायिक वनमाथि तीनै तहको सरकारले चर्को करको भार दिएको भन्दै विरोध भइरहेको छ । सामुदायिक वन उपभोक्ता समूहको आम्दानीलाई वन विकास, विपन्न वर्गको जीविकोपार्जन तथा सामाजिक विकासमा खर्च गर्नुपर्ने भएकाले यसमा कर लिन नहुने धारणा महासंघको छ । वनजंगललगायत अन्य प्राकृतिक स्रोतको लाभ आम नागरिक र सरकारले लिनुपर्छ । पछिल्लो समय वनजंगल संरक्षणमा सफलता प्राप्त हुँदै गएको अवस्थामा विवाद उत्पन्न हुनुलाई राम्रो संकेत मान्न सकिँदैन । राष्ट्रिय निकुञ्ज तथा सामुदायिक वन दुबै वन तथा वातावरण संरक्षणको सहयोगी भएकाले यसबाट सिर्जित समस्या समाधानमा सबै पक्ष गम्भीर बन्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : सामाजिक काममा सरिक भइने समय छ । |
| **वृष** | : पढाई – लेखाई मध्यमकारक रहने समय छ |
| **मिथुन** | : धार्मिक काममा सरिक भइने समयको योग । |
| **कर्कट** | : दायित्व र जिम्मेवारी बढ्ने समय छ । |
| **सिंह** | : व्यापार–व्यवसायमा क्रमश : सुधार । |
| **कन्या** | : बोलीमा बिचार पुऱ्याउँदा राम्रो रहला । |
| **तुला** | : स्वास्थ्य स्थिती त्यति सबल नहोला । |
| **वृश्चिक** | : स्थानान्तरणको समयको योग देखिन्छ । |
| **धनु** | : जिद्धीपनले काम अलमलमा पर्न सक्छ । |
| **मकर** | : परम्परित कामबाट मन शान्त हुने समय छ । |
| **कुम्भ** | : नोकरीका कामबाट अलमल हुने समय छ । |
| **मीन** | : पढाई–लेखाई मध्यमकारक मानिन्छ । |

# प्रतिरक्षक कानुन ब्यवसायी र भूमिका



अधिवक्ता ऋषि के.बी.

### प्रतिरक्षक कानुन ब्यवसायी को हुन् ?

नेपालको सन्दर्भमा कानुनमा कम्तीमा स्नातक तह ९ जस्तोकिः LL.B., B.A.LL.B.,B.L.) उतीर्ण गरिसकेपछि नेपाल बार काउन्सिलको परिक्षा उतीर्ण भएपछि कानुन ब्यवसायी बन्न सकिन्छ । कानुन ब्यवसायी मध्यपनि फौजदारी मुद्धामा प्रतिवादीको तर्फबाट बहस, पैरवी र वकालत गर्ने कानुन ब्यवसायी प्रतिरक्षक कानुन ब्यवसायी हुन् । एक प्रतिरक्षक कानुन व्यवसायी कुनै फौजदारी मुद्धा वा अभियोजनमा आफ्नो पक्षको प्रतिनिधित्व गर्दछ ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६को धारा १४, नेपालको संविधान, २०७२ को धारा २० र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा १३ (६) लगायतका कानुनी ब्यवस्था अन्तर्गत यदि कुनै व्यक्तिलाई अपराधको अभियोग लगाइन्छ भने उसले आफ्नो प्रतिरक्षा गर्ने अधिकार अन्तर्गत कानुन व्यवसायीसँग सल्लाह लिन पाउने अधिकार पाउछ । एक प्रतिरक्षक कानुन ब्यवसायीले संकित वा प्रतिवादीलाई आपराधिक न्याय प्रणाली अन्तर्गत भेटघाट गर्न, सल्लाह दिन, प्रतिरक्षाको तयारी र कानुनी सेवा प्रदान गर्न संकित वा प्रतिवादीको अधिकारहरू सम्पूर्ण प्रक्रियामा सुरक्षित गर्न सुनिश्चित गर्न मद्दत गर्न सक्छ ।

प्रतिरक्षक कानुन व्यवसायीहरुमा निजी सशुल्क रुपमा कानुनी सेवा दिने प्रतिरक्षक कानुन व्यवसायी, निशुल्क (Pro-Bono) अन्तर्गत कानुनी सेवा दिने प्रतिरक्षक कानुन व्यवसायी, निशुल्क रुपमा कानुनी सेवा दिने सार्वजनिक प्रतिरक्षक कानुन व्यवसायी, वैतनिक प्रतिरक्षक कानुन व्यवसायी, आदि हुन्छन् ।

सक्षम र भरपर्दो प्रतिरक्षक कानुन व्यवसायीको भूमिका र जिम्मेवारीहरू निम्नानुसार हुन्छन्:

### अधिकारको बारेमा जानकारी

मिरान्डा अधिकार (Mirinda Rights) लाई संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले निर्णय गरेको मिरान्डा बिरुद्ध एरिजोनाको ऐतिहासिक मुद्दाको सन्दर्भमा उल्लेख गरिन्छ । जस्मा सबै आपराधिक संदिग्धहरूलाई सोधपुछ गर्नु अघि उनीहरूको अधिकारको बारेमा जानकारी गराउनुपर्छ भन्ने सिद्धान्त स्थापित भयो । यो प्रमुख जिम्मेवारी प्रतिरक्षक कानुन व्यवसायीहरुमा रहन्छ । हुन त अनुसन्धान अधिकारी वा अन्य अधिकारी वा ब्यक्ति मार्फतपनि थुनुवालाई यो जानकारी दिन सकिन्छ । तर प्रतिरक्षक कानुन व्यवसायीहरुबाट यो कार्य भएमा झन् उत्तम हुन्छ । फौजदारी मुद्धामा सरकार वादी हुने र वादी पक्षकै एक अंग सरकारी वकिल र अनुसन्धान अधिकारी भन्दा कानुन ब्यवसायी मार्फत थुनुवालाई जानकारी पाउने, मौन बस्ने अधिकार, आफ्नो विरुद्ध साक्षी हुन कर नहुने, कानुन ब्यवसायी राख्न पाउने, सल्लाह गर्न पाउने, निशुल्क कानुन ब्यवसायी उपलब्ध हुने, कानुन ब्यवसायीसँगको सल्लाह गोप्य रहने, लगायतका अधिकारको बारेमा जानकारी दिनु उत्तम हुन्छ । एक प्रतिरक्षक कानुन व्यवसायीलाई अधिकारहरुको बारेमा जानकारी हुन पर्छ र जानकारी दिनपनि सक्ने हुनुपर्छ ।

### मुद्दा मूल्याङ्कन

पक्राउ, थुना, अनुसन्धान र अभियोजन कानुन सम्मत भए नभएको जाँच गर्ने र मुद्धाको समग्र मूल्यांकन गर्ने अभिभारा प्रतिरक्षक कानुन ब्यवसायीमा हुन्छ । प्रतिरक्षक कानुन ब्यवसायीले मुद्धाको सबै पक्षहरूलाई ध्यानमा राखेर, मुद्धाको राम्रोसँग मूल्याङ्कन गर्नुपर्छ । प्रतिवादीलाई न्यायोचित ब्यवहार र कानुन सम्मत न्याय अनुभूति गराउन, समस्या समाधान गर्न उपायहरू सुझाव दिनु र चलाखीपूर्वक मुद्दा सम्हाल्नु पर्दछ । सशुल्क होस् वा निशुल्क थुनुवा वा शंकित ब्यक्ति वा अभियुक्तको संवैधानिक अधिकारबाट वञ्चित नहुने सुनिश्चित गर्ने जिम्मेवार प्रतिरक्षक कानुन ब्यवसायीमा हुन्छ । मुद्धा मुल्यांकन गर्दै सक्षम, सशक्त र बलियो प्रतिरक्षामा जोड दिनु पर्दछ ।

### सही जानकारी संकलन

मुद्धाको बारेमा सकेसम्म धेरै र सही जानकारी सङ्कलन गर्न महत्वपूर्ण हुन्छ । नत्र निर्दोष फस्ने र दोषी उम्कने प्रवल सम्भावना रहन्छ । एक प्रतिरक्षक कानुन ब्यवसायीको जिम्मेवारी भनेको मुद्धा र त्यससँग सम्बन्धित सही र बलियो तथ्य र प्रमाण तथा अन्य बहुमूल्य जानकारीहरु सङ्कलन गर्नु पर्दछ । एक प्रतिरक्षक कानुन ब्यवसायीले प्रमाणहरू सङ्कलन गर्न र तिनीहरूलाई हेरफेर हुनबाट जोगाउन व्यापक रूपमा काम गर्नुपर्छ ।

### अद्यावधिक गर्ने

एक प्रतिरक्षक कानुन ब्यवसायीले मुद्धा र पक्षको सम्बन्धमा अद्यावधिक भइरहनु पर्दछ । आफ्नो पक्षलाई मुद्दाको प्रगति र अवस्थाको बारेमा अद्यावधिक राख्नुपर्छ । मुद्धाको कार्यविधिगत अवस्था र विधिसम्मत चरणहरुको बारेमा जानकारी निरन्तर राखिराख्नु एक प्रतिरक्षक कानुन ब्यवसायीको जिम्मेवारी हो । एक प्रतिरक्षक कानुन ब्यवसायीले प्रतिवादीहरूको प्रतिरक्षाको लागि उत्तम कार्यविधि निर्धारण गर्न मद्दत गर्नुपर्छ, यस्को लाससँग उनी अद्यावधिक हुन जरुरी हुन्छ ।

### जानकार हुनुपर्छ

प्रतिरक्षक कानुन ब्यवसायी हुन पढाई र प्रमाणपत्रमात्र काफी हुँदैन । एक प्रतिरक्षक कानुन ब्यवसायीलाई कानून र कानुनी कार्यैविधि तथा प्रकृयाहरूको बारेमा अद्यावधिकसहितको राम्रो ज्ञान हुनुपर्दछ । पक्षको अधिकार र अधिकारको रक्षार्थ प्रतिरक्षक कानुन ब्यवसायीसँग गहिरो ज्ञान र लगाव हुनु जरुरी हुन्छ । प्रमाणले दोषी वा निर्दोषता स्थापित गर्नेछ, र प्रतिवादीको कानुनी अधिकारहरू सुरक्षित छन् भनी सुनिश्चित गर्नु रक्षा गर्नु प्रतिरक्षक कानुन ब्यवसायीको भूमिका हो ।

### सावधानीपूर्वक विश्लेषण

तपाईको वकिलले स्थितिको राम्रोसँग विश्लेषण र न्याय गर्न सक्षम हुनुपर्छ । उसको जिम्मेवारीमा अभियोजन पक्षको मुद्दामा रहेका कमीकमजोरीहरू पहिचान गर्ने र प्रतिवादीलाई समर्थन गर्ने र उनको आरोपहरू खारेज वा घटाउने स्मार्ट रणनीतिहरू पत्ता लगाउने समावेश छ ।

### तनावपूर्ण परिस्थिति

एक प्रतिरक्षक कानुन ब्यवसायीले धेरै किसिमका कानुनी, सामाजिक र ब्यवहारिक तनावपूर्ण परिस्थितिहरुको सामना गर्नुपर्ने हुन्छ । कहिलेकाँही एक्लै पक्षको तर्फबाट कानुनी लडाई लड्न तयार हुनुपर्छ र यो कार्यमा सफल हुन सक्नुपर्छ । अप्रत्याशित परिस्थितिहरू र मुद्धाहरूको कार्यवाहीमा उपस्थित हुन आदर्शवान भई आफ्नो कर्तव्यहरूप्रति समर्पित हुनुपर्छ । उहाँ तनावपूर्ण परिस्थिति सम्हाल्न सक्षम हुनुपर्दछ ।

### अन्त्यमा,

एक प्रतिरक्षक कानुन ब्यवसायीले कानुनी प्रणालीमा धेरै महत्वपूर्ण भूमिका खेल्छ । यस्कालागि उनी आफ्नो भूमिका र जिम्मेवारीहरूमा प्रतिबद्ध हुन जरुरी हुन्छ, ताकि निष्पक्ष न्याय र कानुनको सर्वोच्चता कायम होस् । प्रतिरक्षक कानुन ब्यवसायी पेशा एक चुनौतीपूर्ण पेशा हो । पर्याप्त सीप र विशेषज्ञता विना प्रतिरक्षक कानुन ब्यवसायी सफल हुन सक्दैन ।

*हेटौंडा-१, मकवानपुर*
*email: sshetauda@gmail.com*

# किन भइरहेछ राष्ट्रपतिमा राष्ट्रिय सहमतिको बहस ?



डोरप्रसाद उपाध्याय

नेपालको नयाँ संविधान जारी भएपछिको तेस्रो कार्यकालका लागि यही फागुन २५ गते राष्ट्रपति चुनाव हुँदैन । चुनाव जति नजिकै छ, त्यति नै राजनैतिक सरगर्मी पनि बढ्दै गएको छ । सबै राजनैतिक दल, शीर्ष नेतृत्वको तहसम्म मात्र होइन, यसपटक राष्ट्रपति निर्वाचनको चासो राख्ने, यसबारे बहस, छलफल गर्ने र आफ्नो क्रिया-प्रतिक्रिया दिने क्रम जनस्तरसम्म नै पुगेको छ ।

यो लोकतन्त्रको लागि सुखद् पक्ष हो । कमसेकम जनस्तरबाट आफ्नो राष्ट्रको अभिभावक कस्तो हुनुपर्छ ? उसको भूमिका कस्तो रहने ? भन्ने जस्ता प्रश्नबाट चिन्ता र चासो व्यक्त हुनुले हाम्रो गणतन्त्र संस्थागत हुँदै गएको बुझ्न सकिन्छ ।

जनताको व्यापक चासो बढ्दै गइरहे पनि राजनैतिक दलहरूमा आम सहमतीय वातावरण अझैसम्म बन्न सकेको छैन । यही बीचमा पुनः एकपटक नेपाली राजनीतिमा राष्ट्रिय सहमतिको बहस सुरु भएको छ ।

प्रतिस्पर्धा र सहमति राजनीतिक जीवनका अभिन्न अंग हुन् । यी बीचमा द्वन्द्वात्मक सम्बन्ध हुन्छ । निकट विगतको राजनीतिलाई हेर्ने हो भने पनि नेपालमा सहमतिमा अगाडि बढ्दा निकै ठूला उपलब्धि हासिल गरेको र अस्वस्थ प्रतिस्पर्धामा रमाउँदा प्राप्त उपलब्धि पनि गुमाउनुपर्ने अवस्था सिर्जना भएको उदाहरण हामीसँग छन् । यो पृष्ठभूमिमा राष्ट्रिय सहमतिको आवश्यकताबारे बहस सुरु भएको हो । यसका केही महत्वबारे कुरा गरौं :

उपलब्धिको रक्षा र शान्ति प्रक्रिया

हामी अहिले पनि शान्ति र संविधान कार्यान्वयनको संक्रमणकालमा छौं । नेपाली जनताले बलिदानीपूर्ण संघर्ष गरेर स्थापित गरेका राजनैतिक उपलब्धिहरूको रक्षा गर्नु, समृद्धि र समाजवादको आधार तयार गर्नु, संविधानलाई पूर्णतः कार्यान्वयनमा लैजान र राजनैतिक स्थायित्व कायम गर्नु आजको राजनीतिको मुख्य कार्यभार हो ।

संघीयता, गणतन्त्र, समावेशी समानुपातिक प्रणाली र नेपालको संविधान, २०७२ हामी सबैका साझा सम्पत्ति हुन् । हुन त नेपाली राजनीतिमा संघीयता लगायत उपलब्धिहरूलाई ठाडै अस्वीकार गर्नेहरू पनि छन् ।

यो वा त्यो कोणबाट यी उपलब्धिमाथि प्रहार पनि भइरहेकै छ । तथापि नेपाली राजनीतिको मूल प्रवृत्ति यो होइन । मूल प्रवृत्ति भनेको गणतन्त्रलाई संस्थागत गर्ने, संविधानको पूर्ण कार्यान्वयन गर्ने र शान्ति प्रक्रियाका बाँकी कामहरू सम्पन्न गर्नु हो ।

त्यसैले विगतमा निर्वाचित राष्ट्रपतिहरूको कार्यकाल विवादरहित बन्न सकेन । चाहे त्यो कटवाल प्रकरण होस्, चाहे पटक-पटक जननिर्वाचित संसदलाई असंवैधानिक ढंगले भंग गर्दा राष्ट्रपतिद्वारा सदर गर्दा होस् । यस्ता कतिपय परिघटनाले राष्ट्रपतिको भूमिकाबारे थुप्रै प्रश्न जन्मिएका छन् र यो निर्वाचनबाट जनताका चिन्ता, चासो र प्रश्नहरूको जवाफ दिनु छ ।

त्यसैले पनि सबैले समर्थन गरेको, शान्ति र संविधान पक्षधर, प्रधानमन्त्रीको असंवैधानिक कदम रोक्ने साहस र नैतिक मूल्य-मान्यता कायम राख्न सक्ने राष्ट्रिय अभिभावक बन्न र बनाउन आवश्यक देखिएकाले राष्ट्रिय सहमतिको कुरा गरिएको हो ।

### नैतिक मूल्य र मान्यताको राजनीति स्थापित गर्न

नेपाली राजनीति केही खराब पात्र र प्रवृत्तिका कारण बदनाम भइरहेको छ । राजनीतिमा जे गर्न पनि छुट छ भन्ने भाष्य स्थापित गर्न खोजिँदैछ । दायाँ-बायाँ जता पनि मोडिएर राजनीति अवसरको खेल सम्झने विचार, प्रवृत्ति र नियत भएका नेताको दबदबा छ । कारण राजनीतिलाई आफ्नो कर्म बनाएर देश र जनताको सेवामा लागिरहने इमानदार, नैतिक र स्वाभिमानी राजनीतिज्ञ हीनभावना लिएर बाँच्नुपर्ने आजको यथार्थलाई बदल्नु छ ।

आज उपलब्धिहरू माथि केही सीमित राजनीतिज्ञ, तिनका परिवार र आसेपासेको एकाधिकार कायम रहेको छ । परिवारवादमा आधारित कार्यशैली र कार्यक्रम लागू भइरहेको छ । कार्ययोजना विना समाजवादको एकोहोरो रटानले आज शब्दहरू बदनाम भएका छन् ।

राष्ट्रपति जस्तो उच्च तहमा बस्ने व्यक्तिले उच्च नैतिकता कायम राख्न सक्नुपर्ने हो । संविधानको मूल्यमान्यतालाई विधि अनुसार स्थापित गर्न सक्नुपर्ने हो । अमूक पार्टीविशेषको मात्र निर्देशनमा नचलेर राष्ट्रको हितमा बोल्न सक्ने विवेकीय अधिकार समेतलाई आधार बनाउन सक्ने अग्रगामी चरित्र र प्रवृत्ति नै यसपटकका राष्ट्रपतिका लागि छनोटका आधार हुन् । त्यसैले स्खलन हुँदै गएको राजनीतिभित्रको अराजनीतिलाई नैतिक मूल्य-मान्यतामा स्थापित गर्न सहमतीय आधारमा राष्ट्रपति भनिएको हो ।

### बदलिएको परिस्थितिको सम्बोधन गर्न

निर्वाचन सम्पन्न भएपछि खासगरी बदलिएको परिस्थितिमा नयाँ गठबन्धन बन्न पुगेको थियो । माओवादीको स्थायी कमिटीको बैठकमा प्रस्तुत दस्तावेजमा यसलाई प्राविधिक विषय उल्लेख गरिए पनि सारमा नेपालको भू-राजनैतिक परिस्थिति र त्यसले दलहरुमा पारेको प्रभावका कारण सिर्जित गठबन्धन थियो ।

तर शपथ ग्रहण, विश्वासको मत माग्दा संसदमा पूर्व प्रधानमन्त्रीको वक्तव्य, न्यूनतम साझा ...बाँकी पृष्ठ ३ मा

# एकै दिन २ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको रामेछाप र चितवन जिल्लामा दुई जना मृत फेला परेका छन् । प्रदेशका विभिन्न जिल्लामा भएको सवारी दुर्घटनामा ३ जना घाइते भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

रामेछाप नगरपालिका–९, ल्याङल्याङ नुबुघाट नदीमा एकजनाको शव फेला परेको छ । मृत फेला पर्नेमा सिन्धुली सुनकोशी गाउँपालिका–६ बस्ने ६७ वर्षीय हस्तबहादुर राना मगर रहेको इलाका प्रहरी कार्यालय रामेछापले जानकारी दिएको छ । मगर फागुन ८ गते आफूखुसी घरबाट हिँडी हराइरहेकोमा फागुन ९ गते मृत फेला परेको प्रहरीले जानकारी दिएको छ। मुचुल्कापश्चात शव पोष्टमार्टमका लागि मन्थली अस्पताल पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

चितवनको भरतपुर महानगर पालिका–११, गणेशथानमा एकजना महिला मृत भेटिएका छन् । सोही स्थान बस्ने ७४ वर्षीइा मीना घले आफ्नै घरको सुत्ने कोठामा मृत भेटिएको प्रहरी कार्यालय गणेशथानले जानकारी दिएको छ । घले मृत अवस्थामा रहेको खबर प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेको थियो । घले आफ्नै घरमा सुतिरहेको ठाउँमा मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

सिन्धुपाल्चोकको चौतारा साँगाचोक गढी नगरपालिका–११, पानीचौरमा सवारी दुर्घटना हुँदा एकजना घाइते भएका छन् । चौतारा बन्देउ सडकखण्डमा बन्देउबाट चौतारातर्फ जाँदै गरेको बागमती प्रदेश ०२–०१९ प ४४२८ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किँदा भारत मोतीहारी घर भई हाल पानीचौर ससुरालीमा बस्ने रमेश सिंह घाइते भएको प्रहरी चौकी साँगाले जानकारी दिएको छ । पाँचखालको मेडिकलमा सामान्य उपचारपश्चात् सिंह डिस्चार्ज भएको प्रहरीले जानकारी दिएको छ ।

नुवाकोट जिल्लाको बिदुर नगर पालिका–५, माझीटारमा सवारी दुर्घटना हुँदा २ जना घाइते भइका छन् । देवीघाटबाट बट्टार जाँदै गरेको बा ५८ प ५१५ नम्बरको स्कुटी र विपरित दिशाबाट आउँदै गरेको बा २८ प २४१३ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा २ जना घाइते भएका हुन् । घाइते हुनेमा स्कुटर चालक नुवाकोट बेलकोटगढी नगरपालिका–७, महादेवफाँट बस्ने २० वर्षीय सुशील तामाङ र स्कुटरको पछाडि सवार सोही स्थान बस्ने १९ वर्षीया निशा तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । घाइते सुशीलको अवस्था मध्यम र निशाको अवस्था सामान्य रहेको प्रहरीको भनाइ छ । घाइते दुबैको जिल्ला अस्पताल त्रिशुलीमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## *किन भइरहेछ...*

कार्यक्रम सार्वजनिकीकरण कार्यक्रममा देखिएको अराजनीति र प्रत्येक सेकेन्डमा कपट र जालसाजी कुरामा रमाउने गठबन्धनभित्रको साझेदारको प्रवृत्ति समेतलाई ध्यान दिंदा नयाँ गठबन्धनमा मात्र उभिन खोज्दा आइपर्ने समस्याको पनि ख्याल गर्न आवश्यक ठानिएको छ । त्यही भएर नै विश्वासको मतको क्रममा करिब शतप्रतिशत मत प्राप्त हुन सम्भव भयो ।

प्रधानमन्त्रीको हैसियतले ती सहमतीय मतहरूलाई आजको बदलिएको परिवेशसँग सम्बोधन गर्नुपर्ने आवश्यकता पनि उत्तिकै छ । आज अन्तर्राष्ट्रिय शक्ति–सन्तुलन छिमेकीहरूको चासो र स्वार्थ पनि त्यही स्तरमा बढेर आएको छ ।

पात्र र प्रवृत्ति छनोट गर्दा सकेसम्म विगतको जस्तो असंवैधानिक कदम झेल्न नपरोस्, अन्तर्राष्ट्रिय चिन्ता र चासोप्रति सजक रहँदै बदलिएको भू-राजनीतिको सम्बोधन पनि हुने हिसाबले सोच्नुपर्ने आजको बाध्यता छ ।

**गणतन्त्र विरोधीको हमला रोक्न**

आज केही खराब पात्र र प्रवृत्तिलाई देखाएर सिंगो प्रणालीलाई नै उल्टाउने गरी गणतन्त्र विरोधी शक्तिहरूले संविधान विरोधी हर्कत बढाउँदै लगेका छन् । संसददेखि सडकसम्म र घरबारदेखि दरबारसम्म गणतन्त्र विरोधी शक्तिहरु सल्बलाइरहेका छन् ।

फागुन ७ को सन्दर्भमा पूर्वराजा ज्ञानेन्द्रको वक्तव्य 'श्री ५ ज्ञानेन्द्र वीरविक्रम शाह'को नाममा जारी हुनु संवैधानिक रुपमा उद्दण्डता बाहेक केही होइन । त्यस्ता शक्ति संसदभित्र घोषित र अघोषित गठजोड गरेर कार्यक्रमहरू सार्वजनिक गर्ने र ती कार्यक्रमहरूमा बालकोटबाट आशीर्वाद प्राप्त हुनुले मुलुक कता लैजान खोजिएको छ, सहजै अध्ययन गर्न सकिन्छ ।

गणतन्त्र विरोधी शक्तिहरूसँग बढ्दो गठजोड गरेर गणतन्त्रका विरुद्ध नै उभिने प्रवृत्तिले सबैलाई झस्काएको छ । अब पनि परिवर्तनकारी शक्तिहरूले विगतबाट संकल्प नगर्ने हो भने विस्तारै गणतन्त्र कोमामा पुग्ने खतरा देखिन्छ । यो परिदृश्य देखिसकेपछि संकटको बेला सबै दलहरू एकै ठाउँ उभिने परम्परा कायम राख्न पनि आसन्न निर्वाचनमा राष्ट्रिय सहमति खोजिएको हो ।

जेहोस्, निर्वाचन अब सन्निकट आइपुगेको छ । उम्मेदवारी दर्तापछि निर्वाचनको आधिकारिक प्रक्रिया अघि बढ्ने नै छ । तर देशको भूगोल मात्र होइन, सबै प्रकारका राष्ट्रियता र मनोविज्ञानलाई एकीकृत गर्न सक्ने पद नै राष्ट्रपति भएकोले यसबारे गम्भीर बहस हुनु स्वाभाविक हो ।

पदले पद साट्ने र आफ्नै पदले आफ्नै कद घटाउने प्रवृत्ति नेपाली राजनीतिको सबैभन्दा खराब प्रवृत्ति हो । नीतिभन्दा नियतमा जोड गर्ने, उपहार लिन-दिन खोज्ने र नियुक्तिलाई आफ्नो निजी सम्पत्ति ठानेर बिक्री वितरण गर्ने अपारदर्शी कार्यशैलीले मुलुक आक्रान्त भएको छ । यो बेला सुशासनको प्रत्याभूति जनजीविकाका मुद्दाहरुको सम्बोधन, रोजगारी र उत्पादनमा जोड, ग्रामीण अर्थतन्त्रलाई चलायमान गराउने राजनीति आजका कार्यकारी प्रमुखका कार्यभार हुन् । यी कार्यभार पूरा गर्न संवैधानिक राष्ट्रपतिको हैसियतले सहयोग पुऱ्याउनु राष्ट्रपतिको पनि दायित्व बन्छ ।

निर्वाचन प्रणालीबारे हाम्रा बहस छँदैछन्, तैपनि राजनीतिको उच्च तहमा रहेका सबैबाट इमानदारीपूर्वक समृद्धि र समाजवादको दिशा अघि बढ्ने गरी कार्यक्रम, कार्ययोजना र दृढता प्रकट गर्ने समय आएको छ ।

नयाँ दृढता, संकल्प र प्रतिबद्धता पूरा गर्न राष्ट्रिय सहमतिको आधारमा नै नयाँ राष्ट्रपतिको छनोट गरौं । र, नेपाली राजनीतिको विगतको कोर्ष करेक्सन गरी नयाँ अध्यायको थालनी गरौं ।

*(लेखक नेकपा माओवादी केन्द्रका केन्द्रीय कार्यालय सचिव हुन्/**स्रोतः***

# किसान महासंघको अध्यक्षमा पुनः दंगाल

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले निकट अखिल नेपाल किसान महासंघ मकवानपुरको अध्यक्षमा पुनः विष्णु दंगाल चयन हुनुभएको छ । बिहीबार भएको महासंघको पाँचौं जिल्ला अधिवेशनबाट दंगाल दोस्रो कार्यकालका लागि अध्यक्षमा चयन हुनुभएको हो ।

अधिवेशले दंगालको अध्यक्षतामा २५ सदस्य नयाँ कार्यसमिति चयन गरेको छ । कार्यसमितिको उपाध्यक्षमा बिष्णुमणि अधिकारी, सचिवमा शालिकराम बानियाँ, सहसचिवमा सशीन कर्माचार्य, कोषाध्यक्षमा सरस्वती दाहाल चयन हुनुभएको छ । नयाँ कार्यसमितिको कार्यकाल ४ वर्ष रहनेछ ।

नेकपा एमालेका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य भारती पाठकको प्रमुख आतिथ्य तथा महासंघ मकवानपुरका अध्यक्ष दंगालको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा एमाले बागमती प्रदेश कमिटी सदस्य एकराज उप्रेती, एमाले मकवानपुरका उपाध्यक्ष लालबहादुर थापा, सचिव नवीन सिग्देल, सहसचिव हिदम लामा, अखिल नेपाल किसान महासंघ केन्द्रीय सदस्य सम्राट तुम्बाहाम्फेलगायतको उपस्थिति रहेको थियो ।

## *हेटौंडा उपमहानगरका...*

भने अन्य महाशाखाले गरेको ९ वटा योजना अनुगमन गरी भुक्तानीका लागि सिफारीस गरेको बताइएको छ । त्यस्तै पुर्वाधार विकास कार्यक्रम अन्तर्गत उपमहानगरले हेटौंडा १ चौकिटोलमा ३३ लाख ६६ हजार रुपैयाँको लागत सहभागिता तथा अन्य जिन्सी समान उपलव्ध गराएर हेटौंडा १० टिसीएनमा रहेको तरकारी बजार स्थानान्तरको काम भएको महाशाखा प्रमुख साहले जानकारी दिनुभएको छ ।

**सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com.np

# मकवानपुर बाल विद्या सदन

MAKAWANPUR BAL BIDYA SADAN
Hetauda-18, Khadkule, Makawanpur
2064

## हेटौंडा-१८, खड्कुले

### वन



**अब्दिया कार्की**
**कक्षा-६**

हरियाली वन, हाम्रो देशको धन
आगलागी हुँदा, दुख्छ मेरो मन

रुखले दिन्छ हामीलाई फेर्ने सास
त्यसैबाट मिल्छ जीवनको आश

वनैभरी थरीथरीका रुखहरु पाइन्छ
प्राणीलाई बाँच्न त्यही रुख चाहिन्छ

चरा अनि जनावरको घर पनि हो वन
रुखहरु आफ्नैभरमा उभिएका छन्

केही माग्दैन रुखले हामीसँग कहिल्यै
हामी पनि रुखलाई माया गरौं जहिल्यै

### बुवा



**सोनिका बुलुन**
**कक्षा-६**

बुवा नै हो हुन् हाम्रो पहिलो गुरुबा
बुबाले सिकाउनुहुन्छ मिहिनेतका कुरा

खेलाउन लैजानु हुन्छ चौरमा हामीलाई
घुमाउन लैजानुहुन्छ बजारमा हामीलाई

कहिलेकाहीँ रुँदा फकाउनुहुन्छ हामीलाई
मिठा खानेकुरा चखाउनुहुन्छ हामीलाई

कहिले बोकेर विद्यालय पुऱ्याउन जानुहुन्छ
कहिले मनपर्ने खेलौना किनेर ल्याउनुहुन्छ

बुवा नै हुन् सबै मेरो, म गर्छु सँधै सम्मान
ज्ञानी भै पढिलेखि बढाउँछु बुवाको शान

### हिमाल



**सुप्रिया सुनार**
**कक्षा-६**

हिमालमा पर्छ हिउँ, चिसोले काँप्छ जिउ
दिनमा फेरी घाम लाग्दा तात्न थाल्छ जिउ

हिमालको शिखर हो नेपालीको शिर
हिमालमा हिउँ नदेखिए पर्छ मलाई पीर

हिमाल हेर्न धेरै यहाँ पर्यटक आउँछन्
हिउँमा नाच्दै खेल्दै खुसी भै रमाउँछन्

हिमालबाट हिउँ पग्ली नदी बनी बग्छ
त्यही नदीको पानीबाट विजुली बल्छ ।

# घिमिरेले फिर्ता पाए चोरी भएको मोटरसाइकल



*घिमिरेलाई मोटरसाइकलको चाबी फिर्ता गर्दै प्रहरी ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-३, हात्तीसुडेका कृष्ण घिमिरेको चोरी भएको मोटरसाइकल फिर्ता पाएका छन् । मोटरसाइकल चोरी भएको भनी प्रहरीमा उजुरी गरेका घिमिरेले बिहीबार मोटरसाइकल फिर्ता पाएको हो ।

गत माघ २९ गते बकैया-३, हात्तीसुडेस्थित घिमिरेको घरमै पार्किङ गरिराखेको बा प्र ०३-००२ प १५७७ नम्बरको २०० सिसिको पल्सर एनएस मोटरसाइकल चोरी भएको थियो । प्रहरीले खोजतलास गर्ने क्रममा गत सोमबार सर्लाही जिल्लाको बागमती नगरपालिका-१, डाबडाँडाबाट बरामद गरेको थियो । प्रहरीले मोटरसाइकल चोरीमा संलग्न भएको आरोपमा दुईजनालाई पक्राउ समेत गरेको छ । बिहीबार प्रहरीले घिमिरेको मोटरसाइकल फिर्ता गरेको छ ।

## स्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी सन्देश

विगत लामो समयदेखि स्वास्थ्य कार्यालय मकवानपुरद्वारा संचालित मातृ तथा बाल स्वास्थ्य क्लिनिक पुनः हजुरहरुको सेवाका लागि संचालनमा आएको व्यहोरा जानकारी गराइन्छ ।

**मातृ तथा बाल स्वास्थ्य क्लिनिकबाट प्रदान गरिने सेवाहरूः**
**प्रत्येक आईतबार र बुधबार**ः बालबालिकाहरुलाई खोप तथा वृद्धि अनुगमन सेवा
**प्रत्येक सोमबार र बिहीबार**ः गर्भवती तथा सुत्केरी जाँच सेवा
**प्रत्येक मंगलबार र शुक्रबार**ः परिवार नियोजन तथा परामर्श सेवा

**स्थान**ः हेटौंडा अस्पताल पुरानो ओ.पि.डि. भवन
**सेवा दिने समय**ः बिहान १० बजेदेखि ५ बजेसम्म

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.ः ०५७–५२०४५७

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस जिल्ला मकवानपुर साविक रातोमाटे गा.वि.स. वडा ३ को कि.नं. २२३१ को क्षेत्रफल ज.वि. ०–०–१२.२५ को जग्गाधनी तथा आफ्नो आमा बाटुली माया लोको मिति २०७०/०९/१० मा मृत्यु भएको, निज जग्गाधनीको पति सानु भाई लोको समेत मिति २०५३/०६/१३ मा मृत्यु भएको, निज जग्गाधनी र निजको पतिको दाम्पत्य जीवनबाट कुनै पनि छोराहरुको जायजन्म नै नभएको तथा ३ छोरीहरु सकुन्तला कुमारी लो, संगिमाया मुक्तान र चमेली लो स्याको जायजन्म भएकोमा संगिमाया मुक्तानको कुनै पनि सन्तानको जायजन्म नभई विवाहित अवस्थामा मिति २०७४/११/१८ मा मृत्यु भएको तथा बाबु/आमाको पालनपोषण तथा काजकृया समेत सकुन्तला कुमारी लो. ले गरेको हुनाले उल्लेखित जग्गा सकुन्तला कुमारी लो को नाममा एकलौटी नामसारी गराईपाउँ भनी निवेदिकाले हेटौंडा उपमहानगरपालिका १५ नम्बर वडा कार्यालयको च.नं. २१८६ मिति २०७९/१०/२६ को सिफारिस, वडा सर्जमिन मुचुल्का, सक्कल पुर्जालगायतका कागजातहरु संलग्न गरी मागदाबी निवेदन पेश गर्नु भई सहि सनाखत/मञ्जुरी समेत प्रमाणित भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनी र निजको पतिको मृत्यु भएको, जग्गाधनीको कुनै पनि छोराहरुको जायजन्म भएको नदेखिएको, जग्गाधनीको माइली छोरी संगिमाया मुक्तानको कुनै पनि सन्तानको जायजन्म नभै मृत्यु भएको देखिन आएकोले जग्गाधनीको हकदारहरु, जग्गाको हकभोग, जग्गाधनी र निजको पत्नीको पालनपोषण/सदगदको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भुक्तान भएपछि पेश गर्नु भनी भएको आदेश बमोजिम यो पैंतिस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः निवेदकको माग दाबी सत्य नभई झुठा भए वा जग्गाधनीको अरु कोही हकदारहरु पनि भए वा जग्गाधनीको पालनपोषण र सदगद अरुले नै गरेको भए वा उल्लेखित जग्गा निवेदकको नाममा एकलौटी नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतिस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स–प्रमाण दाबी–उजुरी गर्न आउनुहोला । अन्यथा निवेकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

### चण्डिका माविको वार्षिकोत्सव

# विद्यार्थी पुरस्कृत, शिक्षक सम्मानित



विद्यालयको वार्षिकोत्सवको अवसरमा पुरस्कृत विद्यार्थीहरु ।

समाज संवाददाता

शिखरकटेरी (मकवानपुरगढी): मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-२, शिखरकटेरीस्थित चण्डिका माविको ४४ औं वार्षिकोत्सवको अवसरमा बिहीबार विद्यार्थीलाई पुरस्कृत गरिएको छ भने शिक्षक सम्मानित भएका छन् । विद्यालयले कक्षा १ देखि १२ कक्षासम्मका प्रथम, द्वितीय र तृतीय हुन सफल विद्यार्थीलाई पुरस्कृत गरेको छ । कक्षा-१ की शान्ति तामाङलाई विद्यालयकै उत्कृष्ट विद्यार्थी घोषित गरिएको छ ।

विद्यालयले राजेन्द्र रिमाललाई वर्ष शिक्षकको रुपमा सम्मान गरेको छ भने मावि तहमा दुर्गाकुमारी सञ्जेल, निमावि तहमा मनिषा अधिकारी र प्रावि तहमा अनुपा लटौलालाई उत्कृष्ट शिक्षकको रुपमा सम्मान गरिएको छ । विद्यालयको वार्षिकोत्सवको अवसरमा विद्यार्थीले साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका छन् । विद्यालयले आयोजना गरेको कार्यक्रममा विद्यार्थीले नृत्य, गायन कला प्रस्तुत गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार लामा गोलेको अध्यक्षता तथा बागमती प्रदेश सभा सदस्य प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्यमा विद्यालयको वार्षिकोत्सव समारोह भएको हो ।

समारोहलाई सम्बोधन गर्नुहुँदै प्रदेश सभा सदस्य पुलामीले विद्यालय भवन, छात्रावास, पुस्तकालय निर्माणका लागि प्रदेश सरकारमार्फत बजेट उपलब्ध गराउन प्रयास गर्ने बताउनुभयो । यसअघि पनि विद्यालयको सुधारका लागि सहयोग गर्दै आएको उल्लेख गर्नुहुँदै उहाँले आगामी दिनमा पनि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले विद्यालयको कार्ययोजना सन्तोषजनक रहेको उल्लेख गर्नुहुँदै विद्यार्थीको अनुपातमा शिक्षक उपलब्ध गराउन पालिका तयार रहेको बताउनुभयो । गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी नेपालीले पालिकामार्फत विद्यालयलाई सहयोग गर्नुका साथै विद्यालय भवनका लागि संघीय सरकारलाई पनि प्रस्ताव पेश गर्ने बताउनुभयो ।

कार्यक्रममा वडा अध्यक्ष बखान सिंह पाख्रिन, गाउँपालिकाको शिक्षा शाखाका प्रमुख रामबहादुर घलान लगायतको आतिथ्य रहेको थियो । वार्षिकोत्सव समारोहमा विद्यालयका प्रधानाध्यापक कमल फुयाँलले वार्षिक योजना प्रस्तुत गर्नुभएको थियो । विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि गरिएको प्रयासहरुको जानकारी गराउनुहुँदै प्रधानाध्यापक फुयाँलले विद्यालय व्यवस्थापन समितिमा विद्यार्थीहरु ऋतिक थिङ र प्रजिता बिकलाई आमन्त्रित सदस्यको रुपमा समावेश गरिएको जानकारी दिनुभयो । विद्यालयलाई पूर्णतः निशुल्क गराउने प्रयास भइरहेको र अंग्रेजी माध्यमको नाममा अभिभावकसँग शूल्क नलिने योजनासहित तयारी भइरहेको पनि प्रधानाध्यापक फुयाँलले जानकारी गराउनुभएको छ । १२ कक्षासम्म पठनपाठन हुने चण्डिका माविमा २ सय ५४ जना विद्यार्थी अध्ययनरत छन् ।

# भाषा सुधार सम्बन्धी अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः मकवानपुरका स्थानीय तहका सामुदायिक विद्यालयमा भाषा सुधार सम्बन्धी अभिमुखीकरण तथा छलफल कार्यक्रम भएको छ । जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा बिहीबार विद्यालयका शिशु कक्षाका शिक्षकहरुलाई भाषा सुधारसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको हो ।

तल्लो तहदेखि नै भाषाको बारेमा ज्ञान हुनुपर्ने भन्दै जिल्ला समन्वय समितिले बाल विद्यार्थीलाई मध्यनजर गर्दै भाषा सुधारको कार्यक्रमको आयोजना गरेको हो । बालबालिकाको औपचारीक शिक्षाको सुरुवात पढाइबाट हुने भएकाले राम्रो सिकाइमा जोड दिने उद्देश्य जिल्ला समन्वय समितिले राखेको बताइएको छ । कार्यक्रममा माधव न्यौपानेले नेपाली भाषाको र नवोदय समूहले अंग्रेजी भाषाको सहजीकरण गर्नुभएको छ ।

जिल्ला समन्वय समिति प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्य तथा समितिका उपप्रमुख सानुकाजी लुईंटेलको सभाध्यक्षता कार्यक्रम भएको हो । कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतम, जिल्ला अभिभावक संघ अध्यक्ष ध्रुव चौलागाई, नेपाली भाषाविज्ञ निमेष निखिल, अंग्रेजी भाषा प्रमुख उत्तम अर्यालको समेत उपस्थिति रहेको थियो ।

### म्यानेजमेन्टको खेलकुद महोत्सव

# दोस्रो दिन ४ खेल सम्पन्न



समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टको तीन दिवसीय खेलकुद महोत्सवको दोस्रो दिन बिहीबार ४ खेल सम्पन्न भएको छ । २५ औं स्थापना दिवसको अवसरसमेत पारेर म्यानेजमेन्टले कक्षा ११ र १२, स्नातक र स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीबीच एथ्लेटिक्सका विभिन्न प्रतियोगिता आयोजना गरेको हो । खेल शुक्रबारसम्म सञ्चालन हुने छ ।

बिहीबार भएको एक सय मिटर दौडमा सुजितकुमार पटेल इर्फान नदाफ र विवेक सहनी क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका छन् । एक सय मिटर दौडमै महिलातर्फ रोजिना उप्रेती, श्रीया भण्डारी र निर्जला मानन्धर क्रमशः पहिलो, दोस्रो र तेस्रो भएका छन् । यस्तै, ४ सय मिटर दौडमा पुरुषतर्फ इर्फन नताब प्रथम, अमोध महतो द्वितीय र अर्जुन सिम्खडा तृतीय भएका छन् । ४ मिटर दौडकै महिलातर्फ श्रीया बिडारी प्रथम, निमता लोप्चन द्वितीय र गौरीमाया तामाङ तृतीय भएका छन् ।

४ सय मिटरको रिले दौडमा सहिल थापा, सनिस तामाङ, रोहित पण्डित र प्रतीक लामाको समूह प्रथम भएको छ । सोही प्रतियोगितामा सुजल भोलन, सुगम नेगी, श्रीजन लटौला र सिसम लामाको समूह दोस्रो भएको छ । महिलातर्फ ४ सय मिटर रिले दौडमा रीति फुयाल, स्वस्तिका तिमल्सिना, भावना श्रेष्ठ र अनामिका भण्डारीको समूह प्रथम भएको छ । यस्तै, सृजना तामाङ, उपासना काफ्ले, गौरीमाया तामाङ र आयुसा मानन्धरको समूह दोस्रो हुँदा श्रुती गौतम, आशिका राई, श्रेया खड्का र प्रनिता श्रेष्ठको समूह तेस्रो भएको छ ।

टेबल टेनिस प्रतियोगितामा पुरुषतर्फ असरफ अली प्रथम, रोनिस दाहाल द्वितीय र एन्जल गौतम तृतीय भएका छन् । टेबल टेनिसकै महिलातर्फ इच्छा श्रेष्ठ प्रथम, दिप्सीका धिताल द्वितीय र आशिका लामा तृतीय भएका छन् ।

# बालिका शैक्षिक कार्यक्रमबारे समीक्षा

समाज संवाददाता

हेटौंडाः महिला तथा बालबालिका सरोकार केन्द्रको आयोजनामा बालिका शैक्षिक सहयोग कार्यक्रमबारे स्थानीय तह र शिक्षकहरुबीच समीक्षा भएको छ । बिहीबार मनहरी गाउँपालिकाका उपाध्यक्ष, शाखा तथा उपशाखाका प्रमुख, वडाध्यक्ष र शिक्षकहरुबीच कार्यक्रमका विषयमा समीक्षा भएको हो ।

आगामी वर्षमा बालिका शैक्षिक सहयोग कार्यक्रमलाई अझ प्रभावकारी कसरी बनाउने भन्ने विषयमा समीक्षा भएको मनहरी गाउँपालिकाका उपाध्यक्ष सीता पुलामी मगरले जानकारी दिनुभयो । पालिकामा सञ्चालित विद्यार्थी सहायता कार्यक्रमअन्तर्गत् बालिका शैक्षिक सहयोग कार्यक्रमले विद्यार्थीलाई प्राथमिकता दिने उहाँले बताउनुभयो ।

महिला तथा बालबालिका सरोकार केन्द्रले विद्यालयहरुमा सञ्चालन गरिरहेको कार्यक्रमको अनुगमन गरिने उहाँले जानकारी दिनुभयो । उपाध्यक्ष मगरले शिक्षा क्षेत्रमा शिक्षकहरुले राजनीति नगर्नसमेत आग्रह गर्नुभयो । उहाँले मनहरी ४ र ६ नम्बर वडामा पनि बालिका शैक्षिक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याउन सके अझ पालिकालाई सहयोग मिल्ने धारणा राख्नुभयो ।

*सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिका विपन्न हुने भएकाले लक्षित कार्यक्रमअनुसार सबै बालिकाहरुलाई सहयोग गर्न प्रधानाध्यापकहरुले आग्रह गर्नुभयो ।*

मनहरी गाउँपालिकाको शिक्षा शाखा प्रमुख हरिचन्द्र सापकोटाले विद्यार्थी सहायता कार्यक्रमका लागि चालु शैक्षिक सत्रमा २४ लाख बजेट विनियोजन गरिएको बताउनुभयो । कठिनाईका आधारमा उक्त कार्यक्रममा विद्यार्थी समावेश गर्नुपर्ने उहाँको भनाइ छ ।

महिला तथा बालबालिका सरोकार केन्द्रकी कार्यक्रम व्यवस्थापक एलिना स्याङ्बोले शैक्षिक सहयोग कार्यक्रमबारे सहजीकरण गर्नुभयो । उहाँले मनहरीमा मात्र १० वटा विद्यालयका ४ सय १३ जनाले उक्त कार्यक्रमबाट लाभ लिइरहेको जानकारी दिनुभयो । कक्षा १ देखि १० सम्मका ३ सय ४९ जना र कक्षा ११ र १२ का ६४ जना विद्यार्थीले लाभ लिइरहेको उहाँले बताउनुभयो ।

मनहरीको ४ र ६ नम्बर वडामा उक्त कार्यक्रम लागू भएको छैन । जोखिममा परेका वा पर्न सक्ने बालबालिकालाई शिक्षा र स्वास्थ्यको संरक्षण तथा सम्वर्द्धनमा सहयोग गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो । घरको कमजोर आर्थिक अवस्था, बालविवाह र विखण्डित परिवारका कारण उक्त कार्यक्रममा समस्या परिरहेको उहाँको धारणा छ ।

महिला तथा बालबालिका सरोकार केन्द्रकी अध्यक्ष सारु विकले कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभयो । ग्रामीण स्वास्थ्य र शिक्षा सेवा गुडि रेस्टका जिल्ला कार्यक्रम संयोजक तजविज बर्तौलाले आवश्यकताअनुसार उक्त कार्यक्रममा बालिकाहरुलाई समेट्ने गरिएको बताउनुभयो ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिका विपन्न हुने भएकाले लक्षित कार्यक्रमअनुसार सबै बालिकाहरुलाई सहयोग गर्न प्रधानाध्यापकहरुले आग्रह गर्नुभयो । विद्यालयका प्रधानाध्यापकहरुले विद्यालय नआउने विद्यार्थीसमेत बालिका शैक्षिक सहयोग कार्यक्रममा समावेश भएको भन्दै गुनासोसमेत गरेका छन् ।

# थापाको पत्रकार सम्मेलन

समाज संवाददाता

हेटौंडाः औषधी व्यवसायी संघ मकवानपुरको अध्यक्षमा उम्मेदवारी दिनुभएका बिष्णु थापाले आफू नेतृत्वको टिमले उम्मेदवारी दिएको जानकारी गराउन बिहीबार पत्रकार सम्मेलन गर्नुभएको छ । हेटौंडाको एभोकाडो होटेलमा पत्रकार सम्मेलन गरेर शनिबार हुने अधिवेशनमा आफ्नो उम्मेदवारी रहेको जानकारी गराउन पत्रकार सम्मेलन गर्नुभएको हो ।

थापा नेतृत्वको टिममा उपाध्यक्षमा संघर्ष गुरुङ, महासचिवमा भरत बहादुर कार्की, सचिवमा यादव अर्याल, कोषाध्यक्षमा ङाजी लाल लामा, सह-कोषाध्यक्षमा किशन गुप्ता, सदस्यमा अनिष सुवेदी, सविना बिडारी र सुरेन्द्र श्रेष्ठले उम्मेदवारी दर्ता गराउनुभएको छ । यता वर्तमान अध्यक्ष नारायणलाल श्रेष्ठ नेतृत्वको टिममा उपाध्यक्षमा सगुन गुरुङ लामा, महासचिवमा देवनारायण साह, सचिवमा विजय साह, कोषाध्यक्षमा सलामसिं लामा, सहकोषाध्यक्षमा रामु दराई, सदस्यमा निलम वैद्य, कृष्णहरि न्यौपाने र नेहा झाले उम्मेदवारी दर्ता गर्नुभएको छ । व्यवसायीले बुधबार नै उम्मेदवारी दर्ता गराएका हुन् । औषधी व्यवसायी संघको अधिवेशनमा १ सय १६ व्यवसायीको मताधिकार रहेको छ । निर्वाचित समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

# सिटी कलेजमा खेलकुद महोत्सव सुरु



दौडमा सहभागीहरु ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, पिप्लेस्थित हेटौंडा सिटी कलेजको तीन दिवसीय खेलकुद महोत्सव सुरु भएको छ । बिहीबार विहान बुद्धचोकमा दौड प्रतियोगिता आयोजना गर्दै महोत्सव सुरु गरेको हो । पहिलो दिन बिहीबार दौड, बुद्धिचाल, टेबलटेनिस, भलिबल र व्याड्मिन्टन प्रतियोगिता भएको छ ।

दौडमा राहुल ओजाय प्रथम, ओशिष प्रजा द्वितीय र रोहन चौधरी तृतीय हुन सफल भएका छन् । बुद्धचोकबाट कलेजसम्म साढे २ किलोमिटर दूरीको दौडमा ३० विद्यार्थी सहभागी थिए । यस्तै, व्याड्मिन्टन प्रतियोगितामा सुमन श्रेष्ठ प्रथम, विकास तिमल्सिना र सृजन कार्की तृतीय हुन सफल भएका छन् । शनिबार सम्म हुने महोत्सवको दोस्रो दिन शुक्रबार क्रिकेट प्रतियोगिता हुनेछ । यसैगरी शनिबार फुटबल प्रतियोगिताको आयोजना गरी तिन दिवसीय खेलकुद महोत्सवको समापन गरिने सिटी कलेजकी प्रिया पाण्डेले जानकारी दिनुभयो ।

इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि
हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

Group of Engineering Pvt. Ltd.
केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५




५६ औं अभिभावक भेलामा सहभागी हुन
हार्दिक आमन्त्रण

मुलुककै ऐतिहासिक विद्यालय भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को ५६ औं अभिभावक भेला तपसील बमोजिम हुने भएकोले सम्पूर्ण अभिभावकमा उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ । अभिभावक भेलाकै अवसरमा विद्यालयले पुरस्कार तथा सम्मान कार्यक्रम समेत राखेको जानकारीका लागि अनुरोध गरिन्छ ।

तपसील
मितिः २०७९ साल फागुन १२ गते शुक्रबार (आज)
समयः बिहान ११:०० बजे
स्थानः विद्यालय परिसर

प्रधानाध्यापक
भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)
हेटौंडा-४, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ